नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np
476W+J6
धुन्चे, रसुवा

पत्र संख्या : ०७८।७९
चलानी नम्बर :

मितिः २०७८।०५।०१

## प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वभर फैलिँदै गैरहेको नयाँ भेरियन्टको कोभिड-१९ को महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा यस जिल्लामा समेत संक्रमण तीव्र रुपमा बढी रहेको हुँदा कोभिड-१९ संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार(मन्त्रिपरिषद्) बाट प्रत्यायोजित अधिकार बमोजिम संक्रामक रोग, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले प्रमुख जिल्ला अधिकारीलाई दिएको अधिकार प्रयोग गरी साथै जिल्लास्तरीय कोभिड-१९ संकट व्यस्थापन केन्द्र (DCMC), रसुवाको मिति २०७८।०५।०१ गतेको सिफारिस बमोजिम मिति **२०७८।०५।०२** गतेदेखि पुन:अर्को आदेश नहुन्जेलसम्म लागूहुने गरी देहाय बमोजिमको निषेधाज्ञा निरन्तरता गर्ने आदेश जारी गरिएको छ।

**१. सर्वसाधारणका लागिः**

- अत्यावश्यक काम(औषधि, खाद्यबस्तु तथा अत्यावश्यक बस्तु तथा सेवा खरिद) वाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।
- नेपाल सरकारद्वारा तोकिएको सामाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्ड (नियमित रुपमा साबुन पानीले हात धुने, अनिवार्य मास्क र स्यानिटाईजरको प्रयोग) को अनिवार्य पालना गर्ने।
- बजार, मेला, महोत्सव, पार्टी, भोज भतेर लगायत भिडभाड हुने कार्य नगर्ने/नगराउने।
- कोभिड-१९ को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्ने।

**२. पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमाः**

- औषधि तथा स्वास्थ्य सामग्री, अन्य व्यवसाय, होटल तथा रेष्टुरेन्ट सञ्चालन गर्दा स्वास्थ्य मापदण्ड अनिवार्य पालना गर्नुपर्ने र कम्तिमा दुई मिटरको भौतिक दुरी कायम गर्नुपर्ने।

**३. सवारी साधन सञ्चालनको हकमाः**

- सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने, स्यानिटाईजरको प्रयोग गर्ने,
- चालक र सहचालकले अनिवार्य रुपमा मास्क, भाईजर र पञ्जाको प्रयोग गर्ने,
- सवारी साधनको ढोकामा अनिवार्य स्यानिटाईजरको व्यवस्था हुनुपर्ने,
- अनिवार्य रुपमा सवारी साधन दैनिक निसंक्रमित गर्नुपर्ने।

उल्लेखित आदेशको अवज्ञा गरी कार्य गरे/गराईएको पाईएमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ। संक्रमण बढन गएमा यस आदेशमा भएका व्यवस्थाहरु कुनैपनि बेला पुनरावोलकन गर्न सकिन्छ।

ईश्वरी प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी